# भाग ५

## नेपाल सरकार

## कृषि तथा पशुपन्छी विकास मन्त्रालयको

## सूचना

नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खाद्य वस्तुको गुणस्तर निर्धारण सम्बन्धी खण्ड ५०, सङ्ख्या ४२, मिति २०५७।१०।२३ को नेपाल राजपत्र भाग ३ तथा खण्ड ७५, सङ्ख्या ५५, मिति २०८२।०९।२१ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित आदेशको प्रकरण ०७ को खाद्यान्न, दलहन तथा सोबाट बनेका पदार्थहरू (Cereal, Pulse and their Products) को सङ्केत नं. ०७.३० पछि देहायको सङ्केत नं. ०७.३१ थप गरी सोको गुणस्तर देहाय बमोजिम निर्धारण गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

**"०७.३१ रोल्ड ओट्स (Rolled Oats)**

**१. गुणस्तरको क्षेत्र (Scope)**

यो गुणस्तर मापदण्ड मानव उपभोगको लागि उत्पादन तथा प्याकेजिङ गरी बिक्री वितरण हुने "रोल्ड ओट्स (Rolled Oats)" मा लागू हुनेछ।

**२. परिचय (Description)**

"रोल्ड ओट्स (Rolled Oats)" भन्नाले स्वच्छ, सफा जै (*Avena sativa* or *Avena byzantine)* लाई दलेर भुस हटाई (Dehulled), बफ्याएर (Steamed) रोलर वा अन्य उपयुक्त विधिबाट चेप्टो (Flaked) पारी भुटेर (Roasted) तयार गरिएको खाद्य पदार्थ सम्झनु पर्छ। रोल्ड ओट्स अन्तर्गत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चाँडो पाक्ने ओट्स र तयारी ओट्स (Quick Cooking Oats and Instant Oats) लाई समेत जनाउँछ।

**३. आवश्यक गुणस्तर परिधिहरू (Essential Composition and Quality Factors)**

रोल्ड ओट्स स्वच्छ र सफा भई चारित्रिक स्वाद र बास्ना भएको हुनु पर्नेछ। यसमा ढुसी तथा कीरा लागेको, सडेको तथा ओसिएको हुनु हुँदैन। साथै सोको सम्मिश्रण (Ingredients) बाहेकका कुनै किसिमको जैविक तथा अजैविक बाह्य पदार्थ (Organic and Inorganic Extraneous Matter) को उपस्थिति हुनु हुँदैन तथा बाह्य रङ्गको प्रयोग गर्न पाइने छैन । रोल्ड ओट्समा देहाय बमोजिमका मापदण्डहरू पूरा भएको हुनु पर्नेछ :-

| क्र.सं. | चारित्रिक गुणहरू | मात्रा |
|---|---|---|
| १. | जलांश, प्रतिशत तौलको आधारमा, बढीमा (Moisture, percent by mass, maximum) | १२.० |
| २. | कुल भष्म, प्रतिशत सुख्खा तौलको आधारमा, बढीमा (Total ash, percent on dry mass basis, maximum) | २.० |
| ३. | डाइलुट हाइड्रोक्लोरिक एसिडमा नघुल्ने भष्म, प्रतिशत सुख्खा तौलको आधारमा, बढीमा (Ash insoluble in dilute Hydrochloric acid, percent on dry mass basis, maximum) | ०.१ |
| ४. | कुल प्रोटिन*, प्रतिशत सुख्खा तौलको आधारमा, घटीमा (Total Protein, percent on dry mass basis, minimum) | १०.० |
| ५. | क्रुड फाइबर, प्रतिशत सुख्खा तौलको | २.० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | आधारमा, बढीमा (Crude fiber, percent on dry mass basis, maximum) | |
| ६. | अल्कोहोलिक अम्लता प्रतिशत (९० प्रतिशत अल्कोहल) सलफ्युरिक एसिडको आधारमा, बढीमा (Alcoholic acidity (%) expressed as $H_2SO_4$ with 90% alcohol, maximum) | ०.१८ |
| ७. | युरिक एसिड, मिलिग्राम प्रति किलोग्राम बढीमा (Uric acid, mg/kg, maximum) | १०० |
| ८. | माइकोटक्सिन (कुल अफ्लाटक्सिन), माइक्रोग्राम प्रति किलोग्राम, बढीमा (Mycotoxin as total aflatoxin), µg/kg, maximum) | १५ |

*कुल प्रोटिन (Total protein) प्रतिशत = नाइट्रोजन प्रतिशत (% N) × ६.२५

**दृष्टव्य** :

(क) "अजैविक बाह्य पदार्थ (Inorganic Extraneous Matter)" भन्नाले ढुङ्गा, बालुवा, काँच (सिसा), प्लाष्टिक वा सोको टुक्राहरू, माटो, धातुका टुक्रा जस्ता अखाद्य पदार्थ सम्झनु पर्छ।

(ख) "जैविक बाह्य पदार्थ (Organic Extraneous Matter)" भन्नाले कपाल/रौं, भुस, चोकर, परालका टुक्रा, अखाद्य दाना, जिउँदो वा मरेको कीरा/मुसा, सोको अंश र फोहोर तथा पशुजन्य अन्य फोहोर पदार्थ जस्ता अखाद्य पदार्थ सम्झनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. **कन्टामिनेन्ट्स (Contaminants ), टक्सिन्स (Toxins) तथा अवशेष (Residues)**

रोल्ड ओट्समा कन्टामिनेन्ट्स (Contaminants) (जस्तैः जीवनाशक विषादीको अवशेष, हेभी मेटल्स (Heavy Metals), सुक्ष्म जीवाणुहरू तथा टक्सिन्स (Toxins) लगायत अन्य हानिकारक तत्त्वका अवशेषहरू) को अधिकतम मात्रा नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले तोके बमोजिम हुनेछ।

५. **स्वच्छता (Hygiene) सम्बन्धी व्यवस्था**

रोल्ड ओट्सको उत्पादन, प्याकेजिङ, ह्याण्डलिङ, भण्डारण तथा ढुवानीमा स्वच्छता तथा गुणस्तर कायम गर्ने सम्बन्धी मापदण्ड नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले तोके बमोजिम हुनेछ।

६. **प्याकेजिङ र लेवलिङ सम्बन्धी व्यवस्था (Packaging and Labeling Requirements)**

रोल्ड ओट्सलाई सफा र सुख्खा खाद्य ग्रेडको प्याकेजिङ सामग्रीमा सिलबन्द गरी प्याकेजिङ गर्नु पर्नेछ। प्याकेजिङ गरिएको रोल्ड ओट्सको लेबलमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ ले तोके बमोजिमको विवरण उल्लेख गर्नु पर्नेछ।

**द्रष्टव्य** : यो मापदण्ड नेपाल राजपत्रमा प्रकाशन भएको मितिले एकानब्बेऔं दिनबाट लागू हुनेछ।"

**आज्ञाले,**

**डा. राजेन्द्र प्रसाद मिश्र**

**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।